# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, १ नं प्रदेश, नेपाल, फाल्गुन २६ गते २०७५ साल ( संख्या ९

## भाग २

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कचनकवल गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## संवत् २०७५ को जनता उपचार कोष परिचालन कार्यविधि, २०७५

स्थानीय राजपत्र

# जनता उपचार कोष परिचालन कार्यविधि- २०७५

झापा जिल्लाको दक्षिण भेगमा अवस्थित कचनकवल गाउँपालिकामा बसोवास गर्ने गरिव, विपन्न परिवारका जटिल एवं निकृष्ट प्रकारका रोगवाट पिडित जनताहरुलाई उपचारमा सहायता प्रदान गरि स्थानीय सरकारको अनुभुती गराउने उद्देश्यले नागरिकहरुलाई राहत तथा उपचारमा सहयोग गर्न वाञ्छनीय देखिएको र सो को लागि गाउँपालिका, विभिन्न संघ संस्था र दाताहरुबाट रकम संकलन गरी जनतालाई उपचारमा सहायता प्रदान गर्न नेपालको संबिधान २०७२ को धारा ३५ को उपधारा १ बमोजिम जनता उपचार कोष कचनकवल गाउँपालिका झापामा स्थापना गरिएको छ र सो कोष संचालनका लागि यो कार्यविधि तयार गरी लागू गरिएको छ।

## भाग-१

### १. संक्षिप्त नाम तथा प्रारम्भ :

(क) यो कार्यविधिको नाम "जनता उपचार कोष परिचालन कार्यविधि-२०७५" रहेको छ।

(ख) यो कार्यविधि कचनकवल गाउँपालिकाको सभाबाट पास गरेको मिति देखि प्रारम्भ हुनेछ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आर्थिक नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले गाउँ सभालाई बुझ्नु पर्नेछ।

(ग) "गाउँपालिका" भन्नाले कचनकवल गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले कचनकवल गाउँपालिकाको वडाहरु (१ देखि ७ सम्म) लाई सम्झनु पर्दछ।

(ङ) "कोष" भन्नाले जनता उपचार कोष कचनकवल गाउँपालिकालाई सम्झनु पर्दछ।

## भाग-२

**३. कोषको सञ्चालन :**

**१. कोषमा रकम विनियोजन**

(क) कचनकवल गाउँपालिकाले आफ्नो बार्षिक बजेटबाट छुट्टयाईएको रकम

(ख) गाउँपालिकाले हरेक वर्ष गाउँ सभाबाट यस कोषको लागि बजेट विनियोजन गरेको रकम

(ग) अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, विभिन्न संघ संस्थाहरु तथा व्यक्तिबाट प्राप्त हुने चन्दा तथा अनुदान रकम ।

(घ) नेपाल सरकारको स्वीकृती बमोजिम मित्रराष्ट्र, द्धिपक्षिय र बहुपक्षिय दातृ संस्थाले दिने अनुदान रकम ।

**४. कोषबाट रकम खर्च गर्ने :**

(क) यस्तो कोषको रकम यस गाउँपालिकाको आर्थिक अवस्था कमजोर भएका जटिल एवं निकृष्ट प्रकारका रोगहरु जस्तै, क्यान्सर, ब्लड क्यान्सर, किड्नीको विरामी, मृगौला प्रत्यारोपण, मुटुको भल्ब परिवर्तन, फोक्सो तथा कलेजोको रोग आदि भएका विरामीहरुलाई राहत दिने कार्यमा खर्च गरिनेछ ।

(ख) विशेषतः उप नियम (क) बमोजिम रोगहरुबाट पिडित विरामीहरु कचनकवल गाउँपालिकामा स्थायी बसोवास गर्ने नागरिक हुनु पर्नेछ ।

(ग) विरामीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, डाक्टरको रिपोर्ट, वडा समितिको सिफारिस सहित माग निवेदन पेश गर्नु पर्नेछ ।

(घ) वडा समितिले रोगीलाई उपचार सहायताका लागि सिफारिस गर्दा गरिब, विपन्न, आर्थिक अवस्था कमजोर भएका परिवारलाई मात्र सिफारिस गर्नु पर्नेछ ।

(ङ) विरामीको प्रकृत्ति र आर्थिक अवस्था हेरी कोष परिचालन समितिको निर्णय बमोजिम बढिमा रु. १,००,०००।- अक्षरेपी एक लाख रुपैयाँसम्म निम्न रोगका विरामीहरुलाई कोषबाट रकम प्रदान गरिनेछ । र, रु. १०,०००।- (अक्षरेपी दश हजार रुपैया मात्र) सम्मको कोष परिचालन समितिको संयोजकको तोक आदेशबाट विरामीलाई प्रदान गर्न सकिनेछ ।

- मृगौला प्रत्यारोपण
- क्यान्सर
- ब्लड क्यान्सर
- मुटुको भल्व परिवर्तन
- अन्य रोग

(च) यो कोषको संरक्षक कचनकवल गाउँपालिका रहनेछ।

(छ) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(ज) कोषबाट रकम खर्च गर्दा देहाय बमोजिमको कोष परिचालन प्रक्रिया पुरा भएको हुनुपर्नेछ।

१. कोष परिचालन समितिले गरेको निर्णय।

२. वडा कार्यालयको सिफारिस पत्र।

३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

४. सम्बन्धित व्यक्तिलाई मान्यता प्राप्त अस्पतालबाट भएको सिफारिस।

(झ) एक आर्थिक वर्षमा खर्च हुन बाँकी रहेमा बाँकी रकम संचित कोष खातामा सारी अर्को आ.व. मा पुनः कोषमा सारिनेछ।

(ञ) कोषको रकम रकमान्तर वा स्रोतान्तर गरिने छैन।

**५. कोष परिचालन समिति गठन :**

यस कोष परिचालनका लागि तपशिल बमोजिमको कोष परिचालन समिति गठन गरिनेछ।

(क) संयोजक - गाउँपालिका अध्यक्ष।

(ख) सदस्य - कम्तिमा एक महिला सहित कार्यपालिकाबाट ३ जना।

(ग) सदस्य- सचिव - प्रमुख प्रशासकीय अधिकृत।

**भाग-३**

**६. कोषको लेखा र लेखापरिक्षण :**

१. कोषको लेखा र लेखापरिक्षण आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

२. कोषको आम्दानी तथा खर्च आर्थिक नियमावली अन्तर्गत बनेका ढाँचा अनुरुप राखिनेछ ।

३. कोषको प्रत्येक बर्षको अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

४. लेखापरिक्षणबाट कायम भएको बेरुजू पछ्यौंटको दायित्व लेखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

**भाग-४**

**७. कार्यविधिमा संशोधन :**

यो कार्यविधि संशोधन गर्नु परेमा गाउँ सभामा पेश गरि आवश्यक संशोधन गर्न सकिनेछ ।

**आज्ञाले,**
**तुलराज थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र